# माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८

राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर

**प्रस्तावना**

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को महामारीका कारण कक्षा १० को अन्तमा लिइने माध्यमिक शिक्षा परीक्षा (SEE) तोकिएको मितिमा सञ्चालन हुन नसकेको र महामारी कायम रहने अवधी समेत अनिश्चित रहेको हुँदा विद्यार्थीहरुको शैक्षिक सत्र समेतलाई मध्यनजर गरी शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ४ट(१) मा उल्लिखित मध्ये कक्षा १० का विद्यार्थीहरुको हकमा नेपाल सरकारबाट मिति २०७८/२/१७ मा जारी भएको आदेश बमोजिम सम्बन्धित विद्यालयबाट गरिएको अन्तिम मूल्याङ्कनलाई आधार मानी परीक्षाफलको तयारी, प्रकाशन र प्रमाणपत्र जारी गर्ने प्रक्रियालाई व्यवस्थित गर्न राष्ट्रिय परीक्षा बोर्डले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१ **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को विद्यार्थी मूल्याङ्कन, नतिजा प्रकाशन तथा प्रमाणीकरण कार्यविधि, २०७८ रहेको छ ।

(२) यो कार्यविधि २०७७ को SEE दिन आवेदन गरेका परीक्षार्थीहरुका हकमा लागु हुनेछ ।

(३) यो कार्यविधि बोर्डबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ ।

२ **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "बोर्ड" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) को दफा ४क बमोजिम गठित राष्ट्रिय परीक्षा बोर्ड सम्झनुपर्छ ।

(ख) "परीक्षा नियन्त्रण कार्यालय" भन्नाले राष्ट्रिय परीक्षा बोर्ड परीक्षा नियन्त्रण कार्यालय, कक्षा १० सम्झनुपर्छ ।

(ग) "इकाई" भन्नाले प्रत्येक जिल्लामा रहेको शिक्षा विकास तथा समन्वय इकाईलाई सम्झनुपर्छ ।

(घ) "विद्यालय" भन्नाले माध्यमिक तह कक्षा १० को शैक्षिक कार्यक्रम सञ्चालन गर्न स्वीकृति/सञ्चालन अनुमति प्राप्त गरी सञ्चालनमा रहेको विद्यालय सम्झनुपर्छ ।

(ङ) "प्रधानाध्यापक" भन्नाले सम्बन्धित विद्यालयको प्रधानाध्यापक सम्झनुपर्छ ।

(च) "मूल्याङ्कन समिति" भन्नाले यस कार्यविधि बमोजिम सम्बन्धित विद्यालयले गरेको कक्षा १० को विद्यार्थीहरुको अन्तिम मूल्याङ्कन प्रमाणित गरी सिफारिस गर्ने प्रयोजनको लागि परिच्छेद ४ को दफा ५ बमोजिम गठित समिति सम्झनुपर्छ ।

(छ) "अन्तिम मूल्याङ्कन" भन्नाले सम्बन्धित विद्यालयबाट यो कार्यविधीको परिच्छेद ३ बमोजिम गरिएको विद्यार्थीको मूल्याङ्कनलाई सम्झनुपर्छ ।

(ज) "परीक्षा" भन्नाले माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० को परीक्षा सम्झनुपर्छ ।

(झ) "विषय शिक्षक" भन्नाले माध्यमिक तह कक्षा १० मा सम्बन्धित विषय अध्यापन गराउने शिक्षक सम्झनुपर्छ ।

(ञ) "परीक्षार्थी" भन्नाले नियमित/ग्रेडबृद्धि परीक्षार्थीका रुपमा २०७७ सालको माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १० मा सहभागी हुन परीक्षा दस्तुर तिरी परीक्षा आवेदन फाराम भरेका विद्यार्थीहरु सम्झनुपर्छ ।

(ट) "प्रमाणपत्र" भन्नाले परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइने ग्रेड सिट र प्रमाणपत्र सम्झनुपर्छ ।

(ठ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधिमा तोकिएको वा बोर्ड बैठकको निर्णयबाट तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

## परिच्छेद २
## विद्यार्थीको मूल्याङ्कन प्रक्रियासम्बन्धी व्यवस्था

३ **विद्यार्थी मूल्याङ्कन** : २०७७ सालको कक्षा १० को परीक्षामा सहभागी हुने नियमित विद्यार्थीको मूल्याङ्कन गर्दा विद्यालयले सञ्चालन गरेको कक्षा १० को इकाई, त्रैमासिक, अर्धवार्षिक र अन्तिम परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कहरु र विषय शिक्षकद्वारा कक्षामा गरिएको निर्माणात्मक मूल्याङ्कनको अङ्क तथा प्रयोगात्मक परीक्षा हुने विषयको हकमा सो समेतलाई समावेश गरी देहायबमोजिमको प्रक्रिया अवलम्बन गरी गरिनेछ ।

**(१) सैद्धान्तिक मूल्याङ्कन**

(क) कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको सम्बन्धित विषय शिक्षकहरुले अनुसूची १ (क) बमोजिमको निर्माणात्मक मूल्याङ्कनको प्राप्ताङ्क प्रमाणित गरी प्रधानाध्यापक समक्ष पेश गर्ने छन् ।

(ख) विषय शिक्षक र प्रधानाध्यापकले अनुसूची १ (ख) बमोजिम विद्यालयले लिएका परीक्षाहरुको अङ्कभार कायम गर्ने छन् ।

(ग) विषय शिक्षक र प्रधानाध्यापकले खण्ड (क) र (ख) बमोजिम प्राप्त प्राप्ताङ्कलाई अनुसूची १ (ग) बमोजिम फाराममा भरी प्रमाणित गरी राख्ने छन् ।

**(२) प्रयोगात्मक मूल्याङ्कन**

(क) पाठ्यक्रममा प्रयोगात्मक परीक्षाका लागि छुट्याइएको पूर्णाङ्कका आधारमा विद्यालयहरूले सञ्चालन गरेको प्रयोगात्मक परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कलाई यथावत कायम हुनेछ ।

**(३) समष्टिगत मूल्याङ्कन**

(क) विषय शिक्षक र प्रधानाध्यापकले तयार गरेको अनुसूची १ (ग) बमोजिमको फाराममा प्राप्त भएको प्राप्ताङ्क र प्रयोगात्मक प्राप्ताङ्क भरी अनुसूची २ (क/ख/ग) बमोजिम समष्टिगत प्राप्ताङ्क विवरण तयार गरी मूल्याङ्कन समितिबाट प्रमाणित गर्नुपर्नेछ ।

४ **ग्रेडबृद्धि मूल्याङ्कन/परीक्षा** : (क) ग्रेड बृद्धिका लागि आवेदन गर्ने विद्यार्थीको हकमा विद्यालयले उपयुक्त विधि (अनलाइन/अफलाइन आदि) बाट पूर्णाङ्क बमोजिम कै परीक्षा लिई मूल्याङ्कन गर्ने छन् । मूल्याङ्कन समितिले यसरी प्राप्त नतिजाको अनुसूची २ (क/ख/ग) बमोजिमको विवरण तयार गरी प्रमाणित गर्नुपर्नेछ ।

## परिच्छेद ३
## विद्यालयमा विद्यार्थीको मूल्याङ्कनसम्बन्धी व्यवस्था

५ **विद्यालयको काम, कर्तव्य र अधिकार** : विद्यार्थीको मूल्याङ्कनका सम्बन्धमा सम्बन्धित विद्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(१) नियमित विद्यार्थीको मूल्याङ्कन गर्ने सम्बन्धमा**

(क) विषयको प्रकृतिअनुरूप मूलतः कक्षा सहभागिता, कक्षाकार्य, परियोजना कार्य, गृहकार्य, सामुदायिक कार्य, अतिरिक्त क्रियाकलाप, प्रस्तुतीकरण, सामुहिक कार्य, लिखित तथा मौखिक इकाई परीक्षाहरू आदिको विद्यालयमा भएको रेकर्ड वा अभिलेखको आधारमा विषय शिक्षकले निर्माणात्मक मूल्याङ्कन गरी विषयगत

रुपमा अनुसूची १ (क) बमोजिम मूल्याङ्कनको प्राप्ताङ्क विवरण तयार गरी प्रधानाध्यापकलाई पेश गर्नुपर्नेछ ।

(ख) विद्यालयले सञ्चालन गरेका त्रैमासिक र अन्तिम परीक्षाहरुमा विद्यार्थीले प्राप्त गरेका प्राप्ताङ्कको आधारमा विषय शिक्षक र प्रधानाध्यापकले अनुसूची १ (ख) बमोजिमको प्राप्ताङ्क विवरण तयार गर्नुपर्नेछ ।

(ग) अनुसूची १ (क) र (ख) बमोजिमका विवरणहरुको आधारमा अनुसूची १ (ग) बमोजिमको विवरण समेत तयार गर्नुपर्दछ ।

(घ) परीक्षार्थीको मूल्याङ्कनको प्राप्ताङ्क विषयगत रुपमा परीक्षार्थीको सिम्बोल नम्बरको बढ्दो क्रमानुसार नाम, थर, र रजिष्ट्रेशन नम्बरसमेत उल्लेख गरी अनुसूची २ (क/ख/ग) बमोजिमको समष्टिगत विवरण तयार गरी शिक्षा विकास तथा समन्वय इकाईमा उपलब्ध गराउनुपर्नेछ । यसरी पठाइएको विवरणमा पछि हेरफेर गर्न पाइने छैन ।

(ङ) अनुसूची १ (ग) बमोजिमको विवरण तयार गर्दा जम्मा महलमा दशमलबमा अङ्क आउने भएमा पूर्ण अङ्कमा परिवर्तन गरी राख्नुपर्नेछ । सैद्धान्तिक तर्फ विषयगत रुपमा ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको कैंफियत महलमा विषयगत शिक्षकले अनिवार्य रुपले ठोस कारण उल्लेख गर्नुपर्नेछ ।

(च) विद्यार्थीहरूको मूल्याङ्कनको शीर्षकगत प्राप्ताङ्क अनुसूची १ (ग) सम्बन्धित विद्यालयमै सुरक्षित रुपमा राख्ने तथा अनुसूची २ (क/ख/ग) अनुसारको समष्टिगत विवरण Excel Format मा प्रविष्टि गरी साधारण तर्फका नियमित विद्यार्थीको लागि अनुसूची २ (क), संस्कृत तर्फका विद्यार्थीको लागि अनुसूची २ (ख) र प्राविधिकधार तर्फका विद्यार्थीको लागि अनुसूची २ (ग) अनुसारको प्राप्ताङ्क विवरण अलग-अलग तीन प्रति तयार गरी Soft copy सहित ३ प्रति (Hard copy) शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउने र इकाई प्रमुखबाट प्रमाणित गरेपश्चात् एक प्रति विद्यालयमा अभिलेखको रूपमा सुरक्षित राख्नुपर्नेछ ।

(छ) निर्णयात्मक (Summative) मूल्याङ्कन तर्फ (प्रथम, द्वितीय, तृतीय त्रैमासिक परीक्षाहरु र अन्तिम परीक्षा) मध्ये विद्यालयले लिन बाँकी रहेको परीक्षाको हकमा कुनै न कुनै रुपमा उपयुक्त विधि (अनलाइन/अफलाइन आदि) को प्रयोग गरी विद्यार्थीको मूल्याङ्कन गर्नुपर्नेछ ।

**(२) ग्रेड बृद्धि परीक्षा मूल्याङ्कन गर्ने सम्बन्धमा**

(क) २०७७ मा ग्रेड बृद्धि परीक्षाका लागि आवेदन गरेका विद्यार्थीको मूल्याङ्कन गर्दा विद्यालयले उपयुक्त विधि (अनलाइन/अफलाइन आदि) बाट सैद्धान्तिक तर्फको पूरै पूर्णाङ्कमा परीक्षा लिई विद्यार्थी मूल्याङ्कन गरी परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराएको मार्क लेजर/ट्रिप्लिकेट अनुसार विवरण प्रमाणित गरी शिक्षा विकास तथा समन्वय इकाईमा बुझाउनु पर्नेछ ।

(ख) ग्रेड बृद्धि दिने विद्यार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क विद्यालयले साविकको अभिलेखबाट उतार गरी पठाउनु पर्नेछ ।

**(३) प्रयोगात्मक परीक्षा/मूल्याङ्कन गर्ने सम्बन्धमा**

(क) विद्यार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क चढाउँदा सम्बन्धित विद्यालयहरुले यस अगाडि नै प्रयोगात्मक परीक्षा सञ्चालन गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाएको विवरण अनुसार अङ्क चढाउनुपर्नेछ ।

**(४) मूल्याङ्कन व्यवस्थापन गर्ने सम्बन्धमा**

(क) परीक्षा नियन्त्रण कार्यालयबाट परीक्षार्थीहरूको विवरण (ट्रिप्लिकेट) लगायत अन्य आवश्यक विवरणहरू प्राप्त गर्न परीक्षा नियन्त्रण कार्यालय/इकाईबाट उपलब्ध गराइएको User Name र Password प्रयोग गरी डाउनलोड गर्नुपर्नेछ ।

(ख) बोर्डसँगको शीघ्र सम्पर्कका लागि विद्यालयले आफ्नो Email ID र सम्पर्क नम्बर परीक्षा नियन्त्रण कार्यालय र शिक्षा विकास तथा समन्वय इकाईलाई उपलब्ध गराउनुपर्नेछ ।

## परिच्छेद ४
## मूल्याङ्कन समिति सम्बन्धी व्यवस्था

६ **मूल्याङ्कन समितिको गठन** : (१) विद्यालयद्वारा गरिएको अन्तिम मूल्याङ्कन विवरणको अभिलेख अनुसार विवरण प्रमाणित गर्न देहाय बमोजिमको ५ सदस्यीय मूल्याङ्कन समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) | सम्बन्धित विद्यालयको प्रधानाध्यापक | अध्यक्ष |
| (ख) | विषयगत शिक्षकहरु (अंग्रेजी, गणित, विज्ञान), ३ जना | सदस्य |
| (ग) | खण्ड (क) र (ख) बाहेकका शिक्षकमध्येबाट वरिष्ठ शिक्षक १ जना | सदस्य |

(२) खण्ड (ख) र (ग) बमोजिमको शिक्षक सदस्यहरुको मनोनयन प्रधानाध्यापनले गर्ने छन् ।

७ **मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार** : (१) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विद्यालयमा सञ्चालित कार्यक्रम अनुसार (साधारण/संस्कृत/प्राविधिक) विद्यार्थीहरुको संख्या यकिन गरी विषयगत रुपमा सैद्धान्तिक र प्रयोगात्मक मूल्याङ्कनको प्राप्ताङ्क अनुसूची २ (क/ख/ग) बमोजिमको छुट्टाछुट्टै विवरण तयार गरी प्रमाणित गरी ३ प्रति शिक्षा विकास तथा समन्वय इकाईमा पेश गर्ने ।

(ख) विद्यार्थीहरुको प्रयोगात्मक प्राप्ताङ्क चढाउँदा सम्बन्धित विद्यालयहरुले यस अगाडि नै प्रयोगात्मक परीक्षा सञ्चालन गरी शिक्षा विकास तथा समन्वय इकाईमा पठाएको विवरणमा फरक नपर्ने गरी सोही अङ्क चढाउने ।

(ग) सैद्धान्तिक तर्फ कुनैपनि विषयमा ८० प्रतिशत वा सो भन्दा बढी प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीको कैंफियत महलमा विषयगत शिक्षकले ठोस कारण उल्लेख गरेको हुनुपर्नेछ । जस्तैः (क) निजको कक्षा ८, ९ र १० का परीक्षाहरुका उपलब्धीहरु (ख) विद्यालयको २०७५ र सो भन्दा अगाडिका अभिलेखहरु हुन सक्नेछन् । मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पठाएको प्राप्ताङ्क अस्वभाविक देखिएमा इकाईले त्यस्ता विद्यालयका विद्यार्थीको मूल्याङ्कनको आधार र प्रमाण कागजात समेत माग गर्न सक्नेछ ।

(घ ) परीक्षा आवेदन फाराम भरेका र परीक्षा दस्तुर बुझाएका विद्यार्थीहरुको मात्र मूल्याङ्कन वापतको अङ्क पठाउनु पर्नेछ ।

(ङ) नियमित र ग्रेडबृद्धि परीक्षामा सहभागी हुन परीक्षा आवेदन फाराम भरेका विद्यार्थीहरुको अनुसूची २ (क/ख/ग) अनुसार अलग-अलग समष्टिगत प्राप्ताङ्क विवरण तयार गर्नुपर्नेछ ।

(च) अनुसूची २ (क/ख/ग) बमोजिमको फाराममा प्राप्ताङ्क चढाउँदा परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको ट्रिप्लिकेट (विद्यार्थी विवरण) अनुसार विद्यार्थीहरुको सिम्बोल नम्बरको बढ्दो क्रममा चढाउनुपर्नेछ । परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको विद्यार्थीको विवरण (ट्रिप्लिकेट) अनुसार हुबहु मिल्नु पर्नेछ । ट्रिप्लिकेटमा विद्यार्थीको विवरण भएको तर मूल्याङ्कन प्रक्रियामा सहभागी नभएको विद्यार्थीको हकमा निजको सिम्बोल नम्बर नहटाई प्राप्ताङ्क महलहरुमा रेजा (-) लगाई कैंफियतमा अनुपस्थित लेख्नुपर्नेछ ।

(छ) मूल्याङ्कन समितिले तयार गरेको प्राप्ताङ्क विवरण परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराए बमोजिमको विद्युतीय प्रणाली (अनलाइन/अफलाइन) मा प्रविष्टि (Entry) गर्नुपर्नेछ । त्यसरी विद्युतीय प्रणालीमा प्रविष्टि (Entry) गरिएको विवरण रुजु तथा प्रमाणित गर्नुपर्दा अनुसूची २ बमोजिम पेश भएको प्राप्ताङ्क विवरणलाई आधार मान्नुपर्नेछ ।

(ज) खुला विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको हकमा समेत सम्बन्धित मातृ विद्यालयले पाठ्यक्रम बमोजिमको प्रक्रिया अबलम्बन गर्नुपर्नेछ ।

(झ) मूल्याङ्कन समितिले इकाईमा पेश गर्ने विवरण सच्याउन, केरमेट गर्न र टिपेक्स प्रयोग गर्न पाइने छैन ।

(ञ) परीक्षा नियन्त्रण कार्यालयमा पेश गरिएको परीक्षा आवेदन फाराम अनुसारको विद्यार्थीको सिम्बोल नम्बर, नाम, थर र जन्ममिति रुजु गरी यकिन गर्नुपर्नेछ । यदि फरक पर्न गएको अवस्थामा सो व्यहोरा उल्लेख गरी इकाई मार्फत परीक्षा नियन्त्रण कार्यालयमा पत्राचार गर्नुपर्नेछ ।

(ट) बोर्डबाट परीक्षाफल प्रकाशन नभएसम्म विद्यालयले मूल्याङ्कन विवरण गोप्य राख्नुपर्नेछ ।

(ठ) मूल्याङ्कन समितिले पठाएको विवरण झुठा ठहरेमा वा गलत विवरण पेश गरेको पाइएमा सो को कानून बमोजिम जवाफदेही मूल्याङ्कन समिति स्वयम् हुनेछ ।

८ **शिक्षा विकास तथा समन्वय इकाईको काम, कर्तव्य र अधिकार** : (१) शिक्षा विकास तथा समन्वय इकाईको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) जिल्ला भित्रका माध्यमिक तह कक्षा १० को परीक्षा (एस.ई.ई) मा समावेस हुने विद्यालयको Email ID र सम्पर्क नम्बर अद्यावधिक गर्ने/गराउने । विद्यालयगत रुपमा परीक्षामा सहभागी हुन पाउने नियमित तथा ग्रेड वृद्धि परीक्षार्थीहरूको रजिष्ट्रेशन नम्बर र सिम्बोल नम्बर सहितको नाम/नामेसी विद्यालयहरूलाई उपलब्ध गराउने ।

(ख) मूल्याङ्कन समितिबाट प्राप्त अनुसूची २ (क/ख/ग) बमोजिम प्राप्त तीन प्रति मूल्याङ्कन विवरण बुझिलिने । उक्त विवरण परीक्षा नियन्त्रण कार्यालयले उपलब्ध गराएको विद्यार्थी विवरण (ट्रिप्लिकेट) अनुसार भए नभएको यकिन गर्ने ।

(ग) खण्ड (ख) बमोजिम विवरण यकिन गर्दा कुनै विवरण भर्न छुट भएको देखिएमा सम्बन्धित विद्यालयलाई भर्न लगाउने । विद्यालयले विद्यार्थी संख्याअनुसार लाग्ने परीक्षा आवेदन वापतको शुल्क राजश्व खातामा दाखिला गरे नगरेको यकिन गर्ने ।

(घ) मूल्याङ्कन समितिबाट प्रमाणित गरि पेश गरेको विवरणसँग विद्युतीय प्रणालीबाट प्राप्त हुन आएको विवरण रुजु गरी परीक्षा नियन्त्रण कार्यालयले तोकेको सफ्टवेयरमा अपलोड गर्ने ।

(ङ) खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्रक्रिया पुरा भएपछि मूल्याङ्कन समितिले पेश गरेको मूल्याङ्कन विवरणमा इकाई प्रमुखले प्रमाणित गरी, पहिलो प्रति परीक्षा नियन्त्रण कार्यालयमा पठाउने, दोस्रो प्रति इकाईमा राख्ने र तेस्रो प्रति सम्बन्धित विद्यालयमा फिर्ता पठाउने ।

(च) शिक्षा विकास तथा समन्वय इकाईले मूल्याङ्कन समितिबाट प्राप्त प्राप्ताङ्क विवरणहरुको सक्कल प्रति परीक्षा नियन्त्रण कार्यालयमा पठाउँदा विद्यालयको कोड अनुसार क्रमशः मिलाई जिल्ला भित्रका सबै विद्यालयहरुको विवरण तोकिएको समय भित्र एकमुष्ट रुपमा पठाउनुपर्नेछ ।

(छ) मूल्याङ्कन समितिले इकाईमा पेश गरेको विवरणमा सच्याउन, केरमेट गर्न र टिपेक्स प्रयोग गर्न पाइने छैन । कुनै प्राविधिक त्रुटी भएमा मूल्याङ्कन समितिलाई उक्त त्रुटी सच्याई पुनः पेश गर्न लगाउन सकिनेछ ।

(ज) मूल्याङ्कन समितिले मूल्याङ्कन गरी पठाएको प्राप्ताङ्क अस्वभाविक देखिएमा त्यस्ता विद्यालयका विद्यार्थीको मूल्याङ्कनको प्रमाण कागजात समेत माग गर्न सकिनेछ । विषयगत प्राप्ताङ्क सैद्धान्तिक तर्फ ८० प्रतिशत वा सो भन्दा माथि प्राप्त गर्ने विद्यार्थीको हकमा ठोस कारण उल्लेख भए/नभएको जाँच गरी प्रमाण नपुगेको विद्यार्थीको पुनः मूल्याङ्कनका लागि फिर्ता पठाउन सकिनेछ ।

(झ) कुनै विद्यालय विद्यार्थी मूल्याङ्कनको प्राप्ताङ्क अनलाइन/अफलाइनमा प्रविष्टि गर्न असमर्थ भएमा उक्त प्राप्ताङ्क प्रविष्टि गर्न सहजिकरण गर्नुपर्नेछ ।

(ञ) बोर्डबाट परीक्षाफल प्रकाशन नभएसम्म विद्यालयले पठाएको मूल्याङ्कन विवरण गोप्य राख्नुपर्नेछ ।

(ट) विद्यालयलाई परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको ट्रिप्लिकेट (विद्यार्थी विवरण) र विद्यार्थीको प्रवेशपत्रमा सिम्बोल नम्बर फरक परेमा ट्रिप्लिकेटमा भए अनुसार विद्यार्थीको प्रवेशपत्र सच्याई दिनुपर्नेछ ।

९ **परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकार** : (१) परीक्षा नियन्त्रण कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कक्षा १० को परीक्षामा सहभागी हुन पाउने नियमित र ग्रेड वृद्धि परीक्षार्थीहरूको रजिष्ट्रेशन नम्बर र सिम्बोल नम्बरसहितको नाम/नामेसी सहितको विवरण छुट भए सम्बन्धित इकाइबाट प्राप्त गरी अद्यावधिक गर्ने ।

(ख) अनुसूची २ बमोजिम शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त प्रमाणित सक्कल विवरणसँग विद्युतीय माध्यमबाट पठाईएको विद्यालयगत विवरण रुजु गर्ने ।

(ग) विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि, २०७२ (संशोधन सहित) बमोजिम रुपान्तरण गर्ने ।

(घ) खण्ड (ग) बमोजिम रुपान्तरित विवरणलाई रुजु गर्ने ।

(ङ) खण्ड (घ) बमोजिम रुजु भएको अन्तिम विवरण नतिजा प्रकाशनको लागि बोर्ड समक्ष पेश गर्ने ।

(च) बोर्डबाट नतिजा प्रकाशन भएपश्चात् अभिलेख अद्यावधिक गरी ग्रेडशिट र प्रमाणपत्र उपलब्ध गराउने ।

## परिच्छेद ५
## विविध

१० बोर्डले प्रकाशन गरेको सूचना बमोजिमको समयावधि भित्र मूल्याङ्कन समिति र शिक्षा विकास तथा समन्वय इकाईले तोकिएको कार्य सम्पन्न गर्नुपर्नेछ ।

११ नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृति प्राप्त गरी नेपाली पाठ्यक्रम अनुसार विदेशमा सञ्चालित विद्यालयका हकमा मूल्याङ्कन समितिले अनुसूची २ (क/ख/ग) बमोजिमको विवरण प्रमाणित गरी सम्बन्धित देशमा रहेको नेपाली दुतावासको सिफारिस सहित परीक्षा नियन्त्रण कार्यालयमा पेश गर्नुपर्नेछ ।

१२ यो कार्यविधि बमोजिम कार्य सम्पादन गर्न स्थानीय तहको शिक्षा हेर्ने अधिकृतले आफ्नो क्षेत्राधिकार भित्रका विद्यालयले गरेका कामको अनुगमन तथा निरीक्षण गर्न सक्नेछ । शिक्षा शाखाले यो कार्यविधिले तोकेका आधार र प्रक्रियाको प्रतिकुल नहुने गरी मूल्याङ्कनको तालिकीकरण गर्ने कार्यमा आवश्यक सहजिकरण र सहयोग गर्न सक्नेछ ।

१३ २०७७ सालको कक्षा १० का विद्यार्थीहरुको यो कार्यविधि अनुसार मूल्याङ्कन गरी नतिजा प्रकाशन गर्दा प्राविधिक कारणबाट कुनै त्रुटी भएमा वा नतिजा स्थगित भएमा वा नतिजा छुट भएमा सम्बन्धित विद्यालयको सिफारिस सहित नतिजा प्रकाशन भएको मितिले पैंतिस दिन भित्र सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा निवेदन दिनुपर्नेछ । त्यसरी प्राप्त निवेदन संकलन गरी इकाईहरुले परीक्षा नियन्त्रण कार्यालयमा पठाउनुपर्नेछ र परीक्षा नियन्त्रण कार्यालयले अभिलेख अनुसार आवश्यक कारवाही गर्नुपर्नेछ ।

१४ नतिजा प्रकाशन पश्चात् उत्तरपुस्तिका पुनर्योग गराउने, उत्तरपुस्तिका हेर्ने, उत्तरपुस्तिका पुनः परीक्षण गराउने र पुरक ग्रेडबृद्धि परीक्षा सञ्चालन सम्बन्धी कार्य यस बर्ष हुने छैन ।

१५ यो कार्यविधिमा उल्लेख भएका बाहेक अन्य विषयमा वा संक्रमणको अवस्थाका कारण आकस्मिक व्यवस्था गर्नुपर्ने भएमा बोर्डले थप निर्णय गर्न सक्नेछ ।

१६ यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा बोर्डले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७ यो कार्यविधि संशोधन गर्ने, खारेज गर्ने अधिकार बोर्डसँग रहनेछ ।

**विद्यालयको नाम र ठेगाना:**

**विषयको नाम:**

**विषय कोड नं.:**

# अनुसूची १ (क)

## नियमित विद्यार्थीका लागि

| S.N (क. सं.) | Name of Students (विद्यार्थीको नाम) | Reg No (रजिष्ट्रेशन नम्बर) | Symb No (सिम्बोल नम्बर) | निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation) | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | सिकाई सहभागिता (Attendance) | गृह कार्य (Home Work) | कक्षा कार्य (Class work) | परियोजना कार्य (Project work) | सामाजिक कार्य (Social work) | अनुशासन र सरसफाई (Discipline and Sanitation) | अतिरिक्त क्रियाकलाप (Extra curricular actv.) | इकाई परीक्षा (unit test) | जम्मा (Total) |
| | | | | अङ्क विभाजन ( Marks) ➤ | २ | २ | ३ | ३ | २ | २ | २ | ४ | २० |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

***नोटः*** *(क) माथि उल्लेखित निर्माणात्मक मूल्याङ्कन (Formative Evaluation) तालिकामा विद्यालयले आवश्यक ठानेमा कुल पूर्णाङ्कमा फरक नपर्ने गरी आन्तरिक मूल्याङ्कनका शीर्षकहरूमा थपघट वा हेरफेर गर्नु परेमा मूल्याङ्कन समितिले गर्न सकिनेछ।*
*(ख) माथिको तालिकामा सैद्धान्तिक तर्फको ७५ पूर्णाङ्कलाई आधार मानी अङ्क विभाजन गरिएको छ। पूर्णाङ्कमा फरक पर्ने विषयहरुमा निर्माणात्मक तर्फ २५ प्रतिशत र निर्णयात्मक तर्फ ७५ प्रतिशत हुने गरी कायम गर्नुपर्नेछ।*

**विषय शिक्षक**

नाम :

दस्तखत :

मिति :

**विद्यालयको छाप**

**विद्यालयको नाम र ठेगाना:**

**विषयको नाम:**

**विषय कोड नं.:**

# अनुसूची १ (ख)

## नियमित विद्यार्थीका लागि

| S.N (क्र. सं.) | Name of Students (विद्यार्थीको नाम) | Reg No (रजिष्ट्रेशन नम्बर) | Symb No (सिम्बोल नम्बर) | निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम त्रै. (1st Term) | दोस्रो त्रै. (2nd Term) | तेस्रो त्रै. (3rd Term) | अन्तिम (Last exam) | जम्मा (Total) |
| | | | | अङ्क विभाजन ( Marks) | ८ | १२ | १५ | २० | ५५ |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**नोट:** *(क) माथि उल्लेखित निर्णयात्मक मूल्याङ्कन (Summative Evaluation) तालिकामा विद्यालयले आवश्यक ठानेमा कुल पूर्णाङ्कमा फरक नपर्ने गरी आन्तरिक मूल्याङ्कनका शीर्षकहरूमा थपघट वा हेरफेर गर्नु परेमा मूल्याङ्कन समितिले गर्न सकिनेछ।*
*(ख) माथिको तालिकामा सैद्धान्तिक तर्फको ७५ पूर्णाङ्कलाई आधार मानी अङ्क विभाजन गरिएको छ। पूर्णाङ्कमा फरक पर्ने विषयहरुमा निर्माणात्मक तर्फ २५ प्रतिशत र निर्णयात्मक तर्फ ७५ प्रतिशत हुने गरी कायम गर्नुपर्नेछ।*

**विषय शिक्षक**

नाम :

दस्तखत :

मिति :

**विद्यालयको छाप**

**प्रधानाध्यापक**

नाम :

दस्तखत :

मिति :

**विद्यालयको नाम र ठेगाना:**

**विषयको नाम:**

**विषय कोड नं.:**

# अनुसूची १ (ग)

## नियमित विद्यार्थीका लागि

| S.N (क्र.सं.) | Name of Students (विद्यार्थीको नाम) | Reg No (रजिष्ट्रेशन नम्बर) | Symb No (सिम्बोल नम्बर) | Formative Evaluation प्राप्ताङ्क (अनुसूची १ (क) बमोजिमको | Summative Evaluation प्राप्ताङ्क (अनुसूची १ (ख) बमोजिमको | Grand Total (कुल जम्मा) | Remarks (कैंफियत) (सैद्धान्तिक तर्फ कुनैपनि विषयमा ८० प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीको कैंफियत महलमा विषयगत शिक्षकले अनिवार्य रुपले ठोस कारण उल्लेख गरेको हुनुपर्नेछ।) |
|---|---|---|---|---|---|---|---|
| | | | | २० | ५५ | ७५ | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

***नोट:*** *माथिको तालिकामा सैद्धान्तिक तर्फको ७५ पूर्णाङ्कलाई आधार मानी अङ्क विभाजन गरिएको छ। पूर्णाङ्कमा फरक पर्ने विषयहरुमा निर्माणात्मक तर्फ २५ प्रतिशत र निर्णयात्मक तर्फ ७५ प्रतिशत हुने गरी कायम गर्नुपर्नेछ।*

**विषय शिक्षक**

नाम :

दस्तखत :

मिति :

**विद्यालयको छाप**

**प्रधानाध्यापक**

नाम :

दस्तखत :

मिति :

# अनुसूची २

(क) साधारण तर्फ

## माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १०

## परीक्षार्थीहरुको मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क विवरण

विद्यालय कोड :

विद्यालयको छाप

परीक्षा दस्तुर बुझाएको विद्यार्थी संख्या :

विद्यालयको नाम र ठेगाना :

| SNO (क.सं.) | Reg. No (रजिष्ट्रेशन नं.) | Symboll No (सिम्बोल नं) | Name of Students (नाम) | DOB (जन्म मिति) | अनिवार्य विषयहरु (Compulsory Subjects) | | | | | | | | | | | इच्छाधिन विषयहरु (Optional Subjects) | | | | | | Grand Total | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 101 Eng. | | 106 Nep. | | 109 Math. | 111 Science | | 123 Soc. | | 133 EPH | | Opt.1 | | | Opt.2 | | | | |
| | | | | | TH | PR | TH | PR | TH | TH | PR | TH | PR | TH | PR | Sub Code | TH | PR | Sub Code | TH | PR | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | |

***नोटः** माथिको विवरण तयार गर्दा पनिका/इकाईले विद्यालयलाई उपलब्ध गराएको विद्यार्थीको विवरण (ट्रिप्लिकेट) अनुसार तयार गर्नुपर्नेछ ।*

**अंग्रेजी शिक्षक**
नाम :
दस्तखत :
मिति :

**गणित शिक्षक**
नाम :
दस्तखत :
मिति :

**विज्ञान शिक्षक**
नाम :
दस्तखत :
मिति :

**वरिष्ठ शिक्षक**
नाम :
दस्तखत :
मिति :

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

शि.वि.तथा स.इ.को छाप

**प्रमाणित गर्ने**
**शिक्षा विकास तथा समन्वय इकाई प्रमुख**
नाम :
दस्तखत :
मिति :

(ख) संस्कृत तथा वेदविद्याश्रम तर्फ

# अनुसूची २

## माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १०

## परीक्षार्थीहरुको मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क विवरण

विद्यालयको छाप

विद्यालय कोड :

विद्यालयको नाम र ठेगाना :

परीक्षा दस्तुर बुझाएको विद्यार्थी संख्या :

| SNO (क्र.सं.) | Reg. No (रजिष्ट्रेशन नं.) | Symboll No (सिम्बोल नं) | Name of Students (नाम) | DOB (जन्म मिति) | अनिवार्य विषयहरु (Compulsory Subjects) | | | | | | | | | | | | इच्छाधिन विषयहरु (Optional Subjects) | | | | | | Grand Total | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | SUB1 | | SUB2 | | SUB3 | | SUB4 | | SUB5 | | SUB6 | | Opt.1 | | | Opt 2 | | | | |
| | | | | | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | TH | PR | Sub Code | TH | PR | Sub Code | TH | PR | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | |

***नोटः** माथिको विवरण तयार गर्दा पनिका/इकाईले विद्यालयलाई उपलब्ध गराएको विद्यार्थीको विवरण (ट्रिप्लिकेट) अनुसार तयार गर्नुपर्नेछ ।*

**अंग्रेजी शिक्षक**
नाम :
दस्तखत :
मिति :

**गणित शिक्षक**
नाम :
दस्तखत :
मिति :

**विज्ञान शिक्षक**
नाम :
दस्तखत :
मिति :

**वरिष्ठ शिक्षक**
नाम :
दस्तखत :
मिति :

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

शि.वि.तथा स.इ.को छाप

**प्रमाणित गर्ने**
**शिक्षा विकास तथा समन्वय इकाई प्रमुख**
नाम :
दस्तखत :
मिति :

# अनुसूची २

(ग) प्राविधिक तर्फ

## माध्यमिक शिक्षा परीक्षा (SEE) कक्षा १०

## परीक्षार्थीहरुको मूल्याङ्कनको समष्टिगत प्राप्ताङ्क विवरण

विद्यालय कोड :

विद्यालयको छाप

विद्यालयको नाम र ठेगाना

परीक्षा दस्तुर बुझाएको विद्यार्थी संख्या :

| SNO (क्र.सं.) | Reg. No (रजिष्ट्रेशन नं.) | Symboll No (सिम्बोल नं) | Name of Students (नाम) | DOB (जन्म मिति) | विषयहरु (Subjects) | | | | | | | | | | | | | | | | | | | | | | | | | Grand Total | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | 101 Eng. | | 106 Nep. | | 109 Math | 111 Sci. | | SUB5 | | | SUB6 | | | SUB 7 | | | SUB 8 | | | SUB 9 | | | SUB 10 | | | | |
| | | | | | TH | PR | TH | PR | TH | TH | PR | Sub. | TH | PR | Sub. | TH | PR | Sub. | TH | PR | Sub. | TH | PR | Sub. | TH | PR | Sub. | TH | PR | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | | |

**नोटः** *माथिको विवरण तयार गर्दा पनिका/इकाईले विद्यालयलाई उपलब्ध गराएको विद्यार्थीको विवरण (ट्रिप्लिकेट) अनुसार तयार गर्नुपर्नेछ ।*

**अंग्रेजी शिक्षक**
नाम :
दस्तखत :
मिति :

**गणित शिक्षक**
नाम :
दस्तखत :
मिति :

**विज्ञान शिक्षक**
नाम :
दस्तखत :
मिति :

**वरिष्ठ शिक्षक**
नाम :
दस्तखत :
मिति :

**प्रधानाध्यापक**
नाम :
दस्तखत :
मिति :

शि.वि.तथा स.इ.को छाप

**प्रमाणित गर्ने**
**शिक्षा विकास तथा समन्वय इकाई प्रमुख**
नाम :
दस्तखत :
मिति :

# अनुसूची ३


# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

**खण्ड ७१) काठमाडौं, जेठ १७ गते, २०७८ साल (अतिरिक्ताङ्क २०(क)**


## भाग ५

### नेपाल सरकार

### शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको

### सूचना

नेपाल सरकारले कोभिड-१९ को सङ्क्रमणको कारणले पाठ्यक्रम तथा विशिष्टिकरण तालिका अनुसार विद्यार्थीको भौतिक उपस्थितिमा सैद्धान्तिक परीक्षा कार्यक्रम सञ्चालन गर्न सम्भव नभएकाले महामारीले सिर्जना गरेको परिस्थितिजन्य बाध्यताको कारण शिक्षा ऐन, २०२८ को दफा २० बमोजिम देहाय बमोजिमको आदेश जारी गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) शैक्षिक सत्र २०७७ को माध्यमिक शिक्षा कक्षा दशको अन्त्यमा हुने माध्यमिक शिक्षा परीक्षा (Secondary Education

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

Examination) को हकमा विद्यालयद्वारा गरिएको अन्तिम मूल्याङ्कनको विवरण सम्बन्धित विद्यालयले सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईमा पठाउने र शिक्षा विकास तथा समन्वय इकाईले प्रमाणित गरी राष्ट्रिय परीक्षा बोर्डमा पठाउने,

(ख) खण्ड (क) बमोजिम प्राप्त भएको विवरणका आधारमा राष्ट्रिय परीक्षा बोर्डले परीक्षाफल तयार गर्ने, प्रकाशन गर्ने, प्रमाणीकरण गर्ने र प्रमाणपत्र जारी गर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिमको कार्य गर्न राष्ट्रिय परीक्षा बोर्डले आवश्यक कार्यविधि बनाउन सक्ने ।

**आज्ञाले,**
**रामप्रसाद थपलिया**
**नेपाल सरकारको सचिव ।**



**मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची ४

## SECONDARY EDUCATION EXAMINATION 2076
## SUBJECTS CODE

| SUBJECT 1 | | TH (FM |
|---|---|---|
| 101 | COM. ENGLISH | 75 |
| 512 | COM. SANSKRIT LANGUAGE & LITE. | 100 |

| SUBJECT 2 | | TH (FM |
|---|---|---|
| 106 | COM. NEPALI | 75 |
| 506 | COM. ENGLISH | 100 |

| SUBJECT 3 | | TH (FM |
|---|---|---|
| 109 | COM. MATHEMATICS | 100 |

| SUBJECT 4 | | TH (FM |
|---|---|---|
| 111 | COM. SCIENCE | 75 |
| 502 | COM. GRAMMAR & TRANSLATION | 100 |

| SUBJECT 5 | | TH (FM |
|---|---|---|
| 123 | COM. SOCIAL STUDIES | 75 |

| SUBJECT 6 | | TH (FM |
|---|---|---|
| 133 | COM. HEALTH, POP & ENV EDU | 75 |
| 134 | COM. SANSKRIT LANGUAGE | 100 |
| 135 | COM. FALIT JYOTISH | 100 |
| 535 | COM. RITES (KARMA KANDA) | 75 |

| OPTIONAL SUBJECT 1 (SUBJECT 7) | | TH (FM |
|---|---|---|
| 231 | OPT. I ADDITIONAL MATHEMATICS | 100 |
| 240 | OPT. I HISTORY | 100 |
| 241 | OPT. I GEOGRAPHY | 75 |
| 243 | OPT. I ECONOMICS | 100 |
| 247 | OPT. I ENVIRONMENT SCIENCE | 75 |
| 262 | OPT. I GRAMMAR (BYAKARAN) | 100 |
| 263 | OPT. I ASTRONOMY (JYOTISH) | 100 |
| 264 | OPT. I LITERATURE (SAHITYA) | 100 |
| 265 | OPT. I VED (SUKLA YAJURVED)* | 75 |
| 269 | OPT. I BHOT LANGUAGE | 100 |
| 601 | OPT. I NEPALI | 100 |
| 604 | OPT. I URDU | 100 |
| 605 | OPT. I TIBETAN | 100 |
| 606 | OPT. I MAITHILI | 100 |
| 607 | OPT. I NEWARI | 100 |
| 610 | OPT. I ENGLISH | 100 |
| 620 | OPT. I SANSKRIT | 100 |
| 642 | OPT. I CIVICS | 100 |
| 645 | OPT. I SOCILOGY | 100 |
| 646 | OPT. I POPULATION EDUCATION | 100 |
| 261* | OPT. I JUSTICE (NYAYA) | 100 |
| 266* | OPT. ETHICS (NITISHASTRA) | 100 |
| 668 | OPT. I VED (SAMVED)* | 80 |
| 669* | OPT. I VED (SUKLA YAJURVED)* | 75 |

| OPTIONAL SUBJECT 2 (SUBJECT 8) | | TH (FM |
|---|---|---|
| 301 | OPT. II OFFICE MGMT ACCOUNT | 75 |
| 302 | OPT. II AGRICULTURE | 75 |
| 306 | OPT. II EDUCATION | 75 |
| 331 | OPT. II ADDITIONAL MATHEMATICS | 100 |
| 334 | OPT. II COMPUTER SCIENCE | 50 |
| 768* | OPT. II GRAMMAR (BYAKARAN) | 100 |
| 769* | OPT. II ASTRONOMY (JYOTISH) | 100 |
| 385 | OPT. II HEALTH & PHYSICAL EDUCATION | 75 |
| 389 | OPT. II BUDDHIST EDUCATION | 75 |
| 700 | OPT. II HOME SCIENCE | 75 |
| 703 | OPT. II INDUSTRIAL EDUCATION | 75 |
| 305 | OPT. II RITE (KARMA KANDA) | 75 |
| 720 | OPT. II FOOD SCIENCE | 50 |
| 721 | OPT. II NEEDLE WORK | 50 |
| 740 | OPT. II MUSIC | 75 |
| 743 | OPT. II PAINTING | 50 |
| 752 | OPT. II AUDITING | 75 |
| 762 | OPT. II JOURNALISM | 75 |
| 766 | OPT. II TARK SANGRAHA (LOGIC) | 100 |
| 767 | OPT. II JUSTICE (NYAYA) | 100 |
| 311* | OPT. II AYURVED | 75 |
| 312* | OPT. II SCIENCE | 75 |
| 383* | OPT. II FALIT JYOTISH | 100 |
| 322 | OPT. II YOGA EDUCATION* | 100 |
| 333* | OPT. II NATUROPATHY | 100 |

| NOTE | |
|---|---|
| > | The subjects have 4 credit hours |
| > | One credit hour is equal to 32 clock hours |